“समृद्ध खाँदबारी नगर”

# खाँदवारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## खाँदवारी, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल ।

**आगामी आ.व. २०८२/०८३ को लागि बहाल बिटौरी शुल्क खाँदबारी नगरपालिका वडा नं. १ स्थित सोमनाथ घिमिरे स्मृति कभर्डहल सञ्चालन कार्यको दरभाउपत्र पेस गर्ने बारेको सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०८२/०३/१७ गते)**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको मिति २०८२/०३/१० गतेको निर्णयानुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्थाबमोजिम वडा नं. १ स्थित सोमनाथ घिमिरे स्मृति कभर्डहल सञ्चालन आगामी आ. व. २०८२/०८३ भर सञ्चालन गर्नको लागि बढाबढमा दरभाउपत्र ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र देहायको शर्तहरुको अधिनमा दरभाउपत्र पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय :**

| क्र.सं. | बहाल बिटौरी शुल्कको नाम र क्षेत्र | बढाबढको लागि न्यूनतम मासिक ठेक्का अङ्क | कैफियत |
|---|---|---|---|
| १. | खाँदबारी नगरपालिका वडा नं. १ स्थित सोमनाथ घिमिरे स्मृति कभर्डहल सञ्चालन कार्य | रु. २,४२,०००।- (अक्षरेपी : दुई लाख वयालिस हजार मात्र) | |

**शर्तहरु :-**

१. दरभाउपत्र साथ निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र रु. १,०००।- (अक्षरेपी एक हजार मात्र) यस नगरपालिकाको राजश्व उपशाखामा बुझाएको नगदी रसिद संलग्न भएको हुनुपर्नेछ ।

२. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सातौं दिनको ठीक ५:०० वजे भित्रमा दरभाउपत्र फारम खरिद गरी सक्नुपर्नेछ । आठौं दिनको १२:०० बजे भित्र दरभाउपत्र फारम पेस गरिसक्नुपर्नेछ । रितपूर्वक पेस भएका दरभाउपत्रहरु सोहि दिनको २:०० वजे दरभाउपत्र पेसकर्ताहरुको उपस्थितिमा खोलिनेछ । दरभाउपत्र पेसकर्ताहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा परेको मानिने छैन ।

३. दरभाउपत्र कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार नगरकार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

४. दरभाउपत्र पेस गर्नेले यस न.पा. मा बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर, महशुल, सेवा शुल्क आदि बुझाई सकेको र नगरपालिकालाई कुनै तिर्नु बुझाउनुपर्ने बाँकी बक्यौता भएको हुनुहुदैन । त्यस्तो कुनैपनि बक्यौता बाँकी रहेकोले दरभाउपत्र पेस गरेको भए बदर गरिनेछ ।

५. दरभाउपत्रस्वीकृत भएको ७ (सात) दिनभित्र सम्बन्धित ठेक्का सम्झौता गरी सक्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा कवोल अङ्क वरावरको नगद वा चेकबाट रकम बुझाउनुपर्नेछ ।

६. दरभाउपत्र दाताले कवोल रकमसाथ खाँदबारी नगरपालिका स्थित राष्ट्रिय वाणिज्य वैङ्क लि., खाँदबारी शाखामा रहेको खाँदबारी नगरपालिकाको कार्यालयको धरौटी खाता नं. २०८०१००३०३००००२ मा बार्षिक कवोल अङ्कको २.५ (दुई दशमलव पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम वापत् जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र वैङ्कबाट मान्यता प्राप्त वाणिज्य वैङ्क “क” वर्गको वैङ्कहरुबाट यस कार्यालयको नाममा नियमानुसार जारी गरिएको १२० (एक सय विस) दिनको मान्य अवधि भएको वैङ्क जमानत (बिडबण्ड) धरौटी स्वरुप पेस गर्नुपर्नेछ ।

७. कभर्डहलमा खेलकुद गतिविधि वाहेकका अन्य गतिविधिहरु सञ्चालन गर्न पाइने छैन । कभर्डहलमा खेलकुद गतिविधि सञ्चालन वापत् खेलाडीहरुबाट न्यूनतम शुल्क सङ्कलन गर्न सकिनेछ ।

८. नगरपालिकाबाट फोहरमैला सङ्कलन गर्न अधिकार दिइएको व्यक्ति/फर्म/संस्थासँग फोहरमैला सङ्कलनसम्बन्धी सम्झौता गरी सो को सम्झौतापत्र अनिवार्य रुपमा यस नगरपालिकालाई दिनुपर्नेछ ।

प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२९-५६०१४१,२५४
वेभसाइट : www.khandbarimun.gov.np इमेल : khandbari.mun@gmail.com

९. कभर्डहलमा लाभको उद्देश्य राखी आफुखुसी कुनै किसिमको संरचना परिवर्तन गर्न पाउने छैन । तर यसरी संरचना परिवर्तन गर्नु परेमा नगरकार्यपालिकाको पूर्व स्वीकृति लिएर मात्र गर्नुपर्नेछ ।

१०. कभर्डहल सञ्चालनसम्बन्धी आन्तरिक व्यवस्थापन कार्यमा नगरपालिकाले कुनैपनि थप आर्थिक दायित्व ब्यहोर्ने छैन ।

११. यस विषयमा विस्तृत कुरा बुझ्नु परेमा नगरपालिकाको राजस्व उपशाखामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

१२. यस सूचनामा उल्लेख भएका कुराहरु यसैबमोजिम हुनेछन् । उल्लेख नभएका कुराहरु प्रचलित ऐन, कानूनवमोजिम हुनेछ ।

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत